प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# जिल्ला वन पैदावार आपूर्ति समिति, मोरङ

कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२ (वन व्य.)
चलानी नं.:

मिति : २०८१/०६/११

## जिल्ला वन पैदावार आपूर्ति समितिबाट सहुलियत दरमा काठ/दाउरा उपलब्ध गराउने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा जिल्ला वन पैदावार आपूर्ति समिति, मोरङको आ.व.२०८१/०८२ को स्विकृत वार्षिक कार्ययोजना बमोजिम निम्न क्षेत्र र प्रयोजनका लागि यस समितिबाट सहुलियत दरमा साल लागायत अन्य तोकिए बमोजिमको काठ/दाउरा उपलब्ध गराइने हुदाँ सम्बन्धीत क्षेत्रका ईच्छुक सरोकारवालाहरुले तपसिल अनुसारका कागजात संलग्न राखी तोकिएको समयावधि भित्र निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

| सि.न. | काठ दाउरा वितरण प्रयोजन | कार्यक्षेत्र | समयावधि |
|---|---|---|---|
| १ | विपदमा परेका परिवारको घर गोठ निर्माण तथा पून:निर्माण | जिल्ला भरी | वर्षभरी |
| २ | घरकाजको रुपमा घर निर्माण | विराटनगर म.न.पा, बुढिगंगा गा.पा, सुन्दरहरैचा न.पा. ३-७, ग्रामथान गा.पा. १,२, कटहरी गा.पा. १,२,3 र ५ र जहदाँ गा.पा. १,३ | **कार्तिक ११ देखी मंसिर १० गते सम्म** |
| ३ | घरकाजको रुपमा घर मर्मत सम्भार | विराटनगर म.न.पा, बुढिगंगा गा.पा, सुन्दरहरैचा न.पा. ३-७, ग्रामथान गा.पा. १,२, कटहरी गा.पा. १,२,3 र ५ र जहदाँ गा.पा. १,३ | **कार्तिक ११ देखी मंसिर १० गते सम्म** |
| ४ | किसान परिवार वा कृषक समूहले निर्माण तथा उपयोग गर्ने कृषि औजार | जिल्लाभरी | वर्षभरी |
| ५ | धार्मिक तथा साँस्कृतिक कार्य र पुरातात्विक सम्पदाको निर्माण तथा पुन निर्माण | जिल्लाभरी | वर्षभरी |
| ६ | शीतलहर भएको समयमा सार्वजनिक स्थानमा न्यानो पार्न | जिल्लाभरी | वर्षभरी |
| ७ | शव दाहसंस्कार | जिल्लाभरी | वर्षभरी |
| ८ | जनसहभागितामा गरिने साना लागतका विकास निर्माण कार्य | जिल्लाभरी | वर्षभरी |
| ९ | वन सेवामा कम्तीमा दश वर्ष सेवा गरेका कर्मचारी वा वन हेर्ने मन्त्रालय र मातहतका कार्यालयमा निरन्तर ५ वर्ष सेवा गरेको कर्मचारीलाई सेवा अवधिभरमा एक पटकका लागि नयाँ घर निर्माण र मर्मतका लागि (कोशी प्रदेश वन नियमावली २०८० को नियम १५२ (२) बमोजिम) | जिल्लाभरी | वर्षभरी |

अध्यक्ष

## क. विपदमा परेका परिवारलाई सहुलियत काठ

दैबि प्रकोप जस्तै आगलागी, बाढी र पहिरोबाट घर गोठ नष्ट भएको, भत्किएको वा बगाई लगेको अबस्थामा पुनर्निर्माण गर्न सम्बन्धित ब्यक्तिले तपशिल बमोजिमको कागजात संलग्न राखी निबेदन दिएमा जिल्ला प्रशासन कार्यालय मोरङ/विपद ब्यबस्थापन समितिको सिफारिसको आधारमा समितिले काठ र दाउरा सहुलियत दरमा उपलब्ध गराउन सक्नेछ । विपदमा परेकाले पेश गर्नुपर्ने कागजातहरू

- विपद व्यवस्थापन समिति/जिल्ला प्रशासन कार्यालयको सिफारिस
- सम्बन्धीत स्थानीय तहको सिफारिस
- प्रहरी कार्यालयबाट उठाएको मुचुल्काको प्रतिलिपि
- नागरिक्ताको प्रतिलिपी
- पिडित वा एकाघर सगोलको नाममा दर्ता कायम रहेको जग्गाको लालपूर्जा
- पिडितको निवेदन (रु १०/- को टिकट साथ)

## ख. घरकाजको रुपमा घर निर्माण/मर्मत

घरकाज निर्माणका लागि एक परिवारलाई आवश्यकता हेरी कार्ययोजनाले तोकेको स्थानीय तह र सो मातहतका वडामा बसोबास गर्ने उपभोक्ताले तोकेको म्याद भित्र निम्न कागजात सहित निवेदन पेश गरेमा पक्की नयाँ घर निर्माण वा मर्मतको लागि काठ उपलब्ध गराउन सकिने छ । सम्बन्धित ब्यक्तिले तपशिल बमोजिमका कागजात संलग्न राखी यस समितिमा निबेदन दिएपछि समितिले आवश्यक प्रक्रिया पुरा गरी यसमा उल्लेखित परिमाणको काठ उपलब्ध गराउने छ ।

- घर बनाउने जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि
- चालु आ.ब.मा मालपोत तिरेको रसिदको प्रतिलिपी
- सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस
- नागरिकताको प्रतिलिपी
- स्थानीयबाट स्विकृत नक्सा, निर्माण इजाजत र नक्सापास भएको पत्रको प्रमाणित प्रतिलिपि
- सम्बन्धित ब्यक्तिको निबेदन ( रू.१०/- को टिकट साथ)

घर निर्माण वा मर्मत प्रयोजनका लागि एकपटकं काठ दिईसकेपछि सोही ठाउँमा पुनः नयाँ घर निर्माण वा तला थप गर्न निज निवेदकलाई पाँच बर्षसम्म काठ दिईने छैन ।

## ग. कृषि औजार निर्माण तथा उपयोग

कृषि औजारका लागी काठ प्राप्त गर्न सरोकारवाला ब्यक्तिलाई निम्न कागजातका आधारमा बर्षमा एक परिवारलाई बढिमा ७ क्यु.फि. गोलिया काठ समितिले उपलब्ध गराउन सक्नेछ ।

- सम्बन्धित गाँउपालिका/न.पा./म.न.पा को सिफारिस ............१
- जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी .......................................१
- नागरिकताको प्रतिलिपी ....................................................१
- निबेदन (रू.१०।को टिकटका साथ) ...............................१

## घ. धार्मिक तथा साँस्कृतिक सम्पदाको निर्माण तथा पुन निर्माण

धार्मिक तथा सांस्कृतिक कार्य र पुरातात्विक सम्पदाको निर्माण तथा पुनर्निर्माण कार्यको लागि दर्ता भएका धार्मिक तथा सांस्कृतिक निकायको आधिकारिक पत्र सहित निम्न कागजात पेश गरेमा गोलिया काठ/चिरान काठ उपलब्ध गराउन सकिने छ ।

- धार्मिक तथा सांस्कृतिक निकायको आधिकारिक कागजात (संस्था दर्ता प्रमाण, स्थायी लेखा नं आदी)
- आवश्यक काठको लागत इष्टिमेट र नक्सा
- स्थानीयत तहको सिफारिस
- समिति/संस्थाको निर्णय
- स्थाको आधिकारीक पत्र

## ङ. जनसहभागितामा गरिने साना लागतका विकास निर्माण कार्य

स्थानीयस्तरमा जन सहभागिताबाट संचालन गरिने साना लागतका विकास कार्यका लागी तोकिएको परिमाणमा काठ निर्माण समिति वा संस्थालाई उपलब्ध गराउन सक्नेछ । जनसहभागितामा गरिने साना लागतका विकास निर्माण कार्यका लागि काठ लिन निम्न अनुसारका कागजातहरू पेश गर्नु पर्नेछ ।

- योजनाको स्विकृत लागत ईष्टिमेट, नक्सा
- उपभोक्ता समिति वा निर्माण समितिको नामावली सहितको निर्णय प्रतिलिपी
- सम्बन्धित स्थानीयत तहले गरेको सिफारिस
- निर्माण गर्ने स्थानको जग्गाधनि प्रमाणपत्रको प्रतिलिपी
- निर्माण वा उपभोक्ता समिति वा सँस्थाको निबेदन

## च. दाउरा विक्री

घरकाज, शितलहर प्रभावितलाई राहत, धार्मिक तथा दाहसंस्कार प्रयोजनका लागि यस समितिको कार्ययोजनामा तोकिए अनुसारको परिमाण र दररेटमा उपलब्ध गराईने छ । वन नियमावली, २०७९ को नियम २२(६) बमोजिम जिल्ला वाहिर समेत दाउरा उपलब्ध गराउन सकिनेछ । दाउराका लागि पेश गर्नुपर्ने कागजातहरू

- स्थानीयत तह वा वडा कार्यालयको सिफारिस
- नागरिकता प्रतिलिपी (ब्यक्तिको हकमा)
- सम्बन्धित ब्यक्तिको निबेदन (रू.१० को टिकट)
- संस्थाको हकमा संस्थाको आधिकारिक पत्र
- सामाजिक संघ संस्था भएमा संचालक समिति वा निर्माण समितिको निर्णयको प्रमाणित प्रतिलिपी

## छ. वन सेवाका कर्मचारीलाई काठ उपलब्ध गराउने

वन सेवामा कम्तीमा दश वर्ष सेवा गरेका कर्मचारी वा वन हेर्ने मन्त्रालय र मातहतका कार्यालयमा निरन्तर ५ वर्ष सेवा गरेको कर्मचारीलाई सेवा अवधिभरमा एक पटकका लागि नयाँ घर निर्माण वा मर्मतका लागि यस कार्ययोजनामा तोके बमोजिम काठ उपलब्ध गराइने छ । यसको लागि आवश्यक कागजातहरु निम्न अनुसार रहेका छन । (स्रोत: कोशी प्रदेश वन नियमावली २०८० को नियम १५२ (२) बमोजिम)

- घर बनाउने जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि ................................१
- चालु आ.ब.मा मालपोत तिरेको रसिदको प्रतिलिपी ........................................१
- सम्बन्धित स्थानीयत तह वा वडा कार्यालयको सिफारिस .................१
- नागरिकताको प्रतिलिपी ..........................................................................१
- स्थानीयत तहबाट स्विकृत नक्सा, निर्माण इजाजत र नक्सापास भएको पत्रको प्रमाणित प्रतिलिपि
- वन सेवामा कार्यरत वा वन हेर्ने मन्त्रालय र मातहतका कार्यालयमा काम गरेको आधिकारीक प्रमाण